श्री

फोन नं. ०७८-५४०४१२
०७८-५४०४६४
Email : info.dcnawalpur@supremecourt.gov.np

# नवलपुर जिल्ला अदालत

कावासोती

पत्र संख्या ०७८/७९
च.नं. ६०३५

मिति २०७८।०३।३१

## सूचना

कोभिड-१९ को महामारी संकटको कारणले निषेधाज्ञा जारी भएको अवस्थामा यस नवलपुर जिल्ला अदालतबाट प्रदान गरिने सेवाहरुका सम्बन्धमा मिति २०७८।०१।२१ को पूर्ण बैठकको निर्णयानुसार सेवा संकुचन गरी यस अघिको विविध मितिमा भएका निर्णयहरुबाट सेवाहरु थप हुँदै आएकोमा निषेधाज्ञा खुकुलो भई जिल्लाभित्र सार्वजनिक यातायातहरु सुचारु हुन थालेको हुँदा मिति २०७८।०३।२९ को निर्णय अनुसार अदालतबाट प्रवाह हुने सेवाहरुलाई स्वास्थ्य सुरक्षा मापदण्डलाई अनिवार्य रुपमा पालना गरी देहाय बमोजिम सुचारु गरीने हुँदा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ।

१) जिल्लाभित्र सार्वजनिक यातायात सञ्चालनमा आइसकेको सन्दर्भमा यस जिल्लाभित्र रहनु भएका हदम्याद, म्याद तथा तारेखमा यस अदालतमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु मिति २०७८।०४।०१ गतेबाट ३० दिन भित्र यस अदालतमा उपस्थित हुनुपर्ने तथा जिल्ला बाहिर रहनुभएका यस अदालतमा हदम्याद, म्याद तथा तारेखमा यस अदालतमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु अदालतमा आउन जान सार्वजनिक सवारी यातायात सञ्चालनमा आएपछि ३० दिनभित्र उपस्थित हुनुपर्ने। तर यस्तो सुविधा पाउने अवस्थाका सेवाग्राही सो अवधिभन्दा अगावै सेवा लिन आएमा कानून बमोजिमको न्यायिक सेवा प्रदान गर्ने।

२) मुद्दा तथा निवेदन दर्ता तथा सोको कारवाही एवं बयान बकपत्र समेतका सम्बन्धमा अदालत व्यवस्थापनले आवश्यक व्यवस्था मिलाउने।

पुनश्च
सेवाग्राहीले अदालत प्रवेश गर्दा अनिवार्य रुपमा मास्क प्रयोग गर्नुपर्नेछ।
प्रवेश द्वारमा रहेको साबुन पानीले हात धुने तथा सेनिटाइजर प्रयोग गर्ने।
सेवाग्राहीले सेवा लिंदा प्राथमिकताअनुसार क्रमशः पालैपालो गरी भिडभाड नहुने गरी सेवा लिनु पर्नेछ।
सेवाग्राहीहरुले अनिवार्य रुपमा सुरक्षाको मापदण्ड प्रयोग गरी सामाजिक दुरी कायम गर्नुपर्नेछ।

२०७८।३।२९

महेन्द्र प्रसाद पौड्याल
स्रेस्तेदार (उपसचिव)

श्रेस्तेदार
उप सचिव